# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (बाइसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७७।०३।०३ गते

प्रदेश सभा गण्डकी प्रदेशको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ३बजेर ५९ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको बाँकी सामान्य छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनुहुन प्रत्येक माननीय सदस्यहरुलाई १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम म, माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय बिन्दुकुमार थापा ।

**माननीय जनकलाल श्रेष्ठ**

माननीय सभामुख महोदय सर्वप्रथम सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्तै गरेर कोरोना भाइरसबाट जीवन गुमाउनुभएका दिदी बहिनी दाजुभाइहरु प्रति श्रद्धाञ्जली व्यक्त अर्पण गर्दै संक्रमित सबै दिदी बहिनी दाजुभाइहरुलाई सुस्वास्थ्यको कामना गर्दछु ।

विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असमान परिस्थितिको बाबजुद पनि प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला मन्त्री तथा योजना मन्त्री श्री किरण गुरुङ

ज्यूबाट आर्थिक वर्ष ०७७/७८ को बजेट बजेट वक्तव्यमार्फत राजस्व र व्ययको वार्षिक अनुमानित बजेट र आर्थिक वर्ष ०७७/७८ को आर्थिक विधेयक असार १ गते सभासमक्ष प्रस्तुत गर्नु भई आज असार ३ गते छलफलमा भाग लिंदै गर्दा यो प्रदेशको मेरो दल र मेरो तर्फबाट समर्थन गर्दछु ।

सभामुख महोदय, प्रदेश सभाको संरचनाको विकास निर्माणले गति लिइरहेको बेला कोरोना भाइरसको महामारीले अप्रत्यासित रुपमा चपेटामा परेकोले ०७६/७७ को आर्थिक वर्षको २५ अर्ब १३ करोड ८७ लाख ९२ हजार खर्च हुने अनुमान गरिएकोमा त्यो पूरा खर्च हुन सकेन । त्यस्तै गरेर २०७७/७८ को नीति तथा कार्यक्रम कार्यान्वयनका निमित्त ३४ अरब ८४ करोड २१ लाख ६० लाख खर्च हुने अनुमान गरिएको छ। २०७६/७७ को बजेटभन्दा ०७७/ ७८ मा २ अर्ब ७० करोड ७३ लाख ६८ हजार बढी रकम अनुमान यसपालि गरिएको छ । किनभने यो हाम्ले चैतबाट कार्य गर्न नसक्दा खेरी बाँकी रहेको बजेटको आधारमा पनि यसपालिको बजेट यहाँ २ अर्ब ७७ करोड बढी विनियोजन गरिएको छ ।

सभामुख महोदय, यहाँ प्रश्न पनि उठ्न सक्छ, त्यो बजेट विनियोजन कसरी जुटाउन सकिन्छ त ? त्यत्रो पैसा त राष्ट्रिय बजेटमा तर कसरी उठाउन सकिन्छ त ? के लक्ष्य लिएको छ त ? भन्ने कुरामा यो बजेटमा पूर्ण रुपमा चाहिने हामीले यो शीर्षकबाट यसरी बजेट विनियोजन गरिन्छ भन्ने कुरामा यहाँ प्रष्ट्याइएको छ ।

यसमा सम्पूर्ण विवरण बजेटमा छर्लङ्ग पारेको पार्न खोजिएको छ । आगामी वर्षमा खर्च बेहोर्न श्रोतहरु र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ७ खरब ११ करोड एक्काइस केरे २६ लाख, सशर्त अनुदान ४ अरब ६० करोड ८५ लाख ६० हजार, समपूरक अनुदान रु. १ अरब ३९ करोड ८९ लाख , विशेष अनुदान रु. ५४ करोड, राजस्व बाँडफाँडबाट प्राप्त ७ अर्ब ५७ करोड २७ लाख, रोयल्टीबाट रु. ३० करोड, आन्तरिक राजस्वबाट रु. ४ अर्ब ६० करोड ९५ लाख ६० हजार र यति गर्दा खेरी नपुग रकम ९ अरब न्युन रहेको छ । सो न्युन रकम पूर्ति गर्ने चैत्र महिनादेखि कोरोना महामारीले गर्दा असार मसान्तसम्म खर्च हुन नसकेको रकम ७ अर्ब र नपुग रकम २ अर्ब आन्तरिक ऋणबाट १ अर्ब, नेपाल सरकारसँग १ अर्ब, १ अर्ब व्यहोर्ने गरी विनियोजन गरिएको छ ।यहाँ के लेखिएको छ भने कसरी संचालन गर्छ त यो सरकारले ? जसरी आएको बजेटलाई कसरी विनियोजन गर्छ त भन्दा खेरी यो कारणबाट परिपूर्ति हुन्छ है हामी यसरी गण्डकी प्रदेश सरकारले यसरी

कार्ययोजना गर्न सक्छ । यो आधारबाट हामी योजना लिएका छौं भनेर यो बजेट वक्तव्यमा यो उल्लेख गरिएको छ ।

सभामुख महोदय, यस अवस्थामा सबभन्दा हाम्रो प्रदेश विश्वभरि भएता पनि हाम्रो यो प्रदेशमा कोरोना भाइरसको रोग दिनप्रतिदिन बढ्दै गइरहेको छ । त्यसकारण त्यसलाई पनि मध्यनजर गरी गण्डकी प्रदेश सरकारले कोरोना भाइरसको निमित्त के के योजनाहरु गर्न सक्छ रु कहाँ कहाँ योजना लगानी गर्दा हुन्छ पैसा विनियोजन गर्ने त ? कति पैसा राख्ने त भन्ने कुरा पनि यो छुट्याउने प्रयत्न गरिएको छ । किनभने सबभन्दा समस्या भनेको यो हामीलाई बिरामीहरु दिनप्रतिदिन बढ्दै छ। राम्रो व्यवस्थान हामीले गर्न सकिरहेका छौं । त्यसका निमित्त आर्थिक व्यवभार ल्याउनुपर्ने हुँदा खेरी यहाँ तपाईको यस आर्थिक वर्ष ७७/७८ को बजेट यहाँ छुट्टाइएको देखिन्छ, भन्न पनि म चाहन्छु ।

कोरोना भाइरस रोकथाम, कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य संस्थालाई रु. १५ करोड ४९ लाख उपलब्ध गराइएको छ भने अस्पतालहरुलाई २ देखि ५ शैया क्षमता भएको उपचार कक्ष निर्माणका लागि १४ करोड निकासा भइसकेको छ भने स्थानीय तहलाई रु. ६ करोड ५० लाख रकम उपलब्ध गराइएको यहाँ प्रष्ट लेखिएको छ । संक्रमितको उपचारका लागि विशेष अस्पताल र आइसोलेसन कक्ष स्थापना, पिसिआर परीक्षण, औषधी उपकरण, खरिद तथा कोष स्थापनाको लागि रु. ६० करोड ४० लाख विनियोजन गरिएको छ ।

यस्तै निर्वाचन क्षेत्र पूर्वाधारबाट आउँदाखेरी संयुक्तमा कति वटा खर्च हुन्छ कुरामा प्रष्ट यहाँ के लेखिएको छ भने २ अर्ब ९१ करोड ७६ लाख विनियोजन गरिएको छ। यो कोरोना भाइरसको निमित्त हामीले कति खर्च गर्न सकिन्छ भन्ने कुरामा मात्रै यो पूर्वाधार विकास कार्यक्रम राखिएको ठाउँमा यो कोलममा त्यति हामी लगानी गर्न सक्छौं है भन्ने यहाँ प्रष्ट्याएको छ । कोरोना महामारीको लागि प्रदेश सरकारले विशेष लक्ष्य लिई समाधानको बाटोमा प्रयत्न गरिएको छ ।

सभामुख महोदय, बजेट वक्तव्यको बजेट बक्तव्यको २०७७/७८ को बजेटमा उद्देश्य तथा प्राथमिकताको प्रस्तुत बजेटको मा बजेटका उद्देश्यहरु निम्न अनुसार रहेको छ भनेर यहाँ क देखि च सम्मको यहाँ व्याख्या गरिएको छ । यले के के गर्ने त? कसरी जाने भन्ने कुरामा यो सर्सर दिइएको छ । कसरी लान सकिन्छ ? सरकारलाई। यो

यहाँ के गर्न सकिन्छ भन्ने गर्दाखेरी प्राथमिकताको आधारमा बजेटको उद्देश्य निम्न अनुसार छ भनेर क देखि च सम्म बुँदागत रुपमा व्याख्या गरिएको छ भने माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरिएको छ भने क देखि ज सम्म यो व्याख्या बुँदागत रुपमा राखिएको छ । यसले पनि के गर्छ भने यो बक्तव्यमा जुन आएको छ, हामी के लक्ष्यमा जाँदै छौ त ? बजेट हामी कसरी जाँदा कार्यक्रमको निमित्त सिद्धाध्याउँदै छौं ? त्यसको लक्ष्य के हो भन्ने कुरामा विशेष उद्देश्यको जुन तपाईको क देखि च सम्मन् क्षेत्रगत तपाईको चाहिने क देखि ज सम्म यो व्याख्या गरेको छ । यसले पनि के देखाउँछ भने नीतिगत रुपमा लक्ष्यका आधारमा बिना लक्ष्य हिँड्यो भनिएको छ यहाँ के छ भने लक्ष्य यो है, यसरी छ भन्ने कुरामा व्याख्या गरिएको म प्रस्तुत गर्न चाहन्छु । त्यसै गरेर त्यसै गरेर कोरोना महामारीको लागि प्रदेश सरकारले विशेष लक्ष्य लिई समाधानको वातावरण बनाउन प्रयत्न गरेको देखिन्छ ।

सभामुख महोदय, वजेट वक्तव्यको उद्देश्य र प्राथमिकताको व्याख्या मैले गरिसकेको छु । त्यसैगरेर कृषि भूमि तथा सहकारीको शीर्षकमा बुँदा नम्बर ५९ देखि ७४ सम्म व्यवस्था गरिएको छ । कसरी तपाईको अहिले अब बाहिरबाट आएका आप वेरोजगारी युवाहरुलाई कृषिमा कसरी जान सकिन्छ त ? के गर्दा उपयुक्त हुन्छ त ? कुरा पनि यो बुँदा नम्बर तपाईको ५९ देखि ७४ सम्ममा यहाँ व्याख्या गरिएको छ । किनभने यो बजेट वक्तव्य तपाईको हातमा छ, यसर्थ म च्यालेन्ज गर्न चाहन्छु भने यो सरकारले केके लक्ष्य अनुसार काम गर्न खोजेको छ भन्ने कुरा पनि यहाँ प्रष्टसँग लेखिएको छ । त्यस्तै गरेर जलवायुमैत्री कृषि उत्पादन वृद्धि गर्न मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रमको निम्ता दिँदै किसान तह बिस्तार गर्नलाई रु. ४ करोड ३६ लाख विनियोजन गरेको छ । किनभने २ वर्षमा हामीले लगातार काम गरेका छौं । अझ कसरी निरन्तरता लाने त किसानको निमित्त कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुरा पनि यहाँ प्रष्ट्याउन खोजिएको छ । अब कृषि नमुना गाउँको निमित्त पनि हामी अगाडि बढ्नुपर्छ बढेका छौ र हामीले लगायतका निमित्त यो योजनाहरु पारिरहेका छौं भन्ने कुरा यहाँ प्रष्ट्याउन खोजिएको छ ।

आय व्यय विवरण ०७७/७८ को अनुसूचीबाट पनि हामीलाई यो जानकारी दिइएको छ । के छ भने यसको अनुसूचीबाट पनि हामीलाई प्रष्ट के छ भने हामीलाई कहाँ कहाँबाट आय हुन्छ र कति कति खर्च गर्छौं भन्ने कुरा पनि प्रष्टै लेखिएको छ ।

यति भन्दै यो बजेट तर्जुमा राम्रोसँग कार्य होस् सफलता मिलोस् भन्ने शुभकामना दिदै मेरो मन्तव्य यही टुंगाउँछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय पुष्पा केसी भण्डारीलाई ।

## माननीय बिन्दुकुमार थापा

माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७७/७८ को राजश्व र व्ययको आर्थिक वार्षिक अनुमान माथिको छलफलमा जुटिराखेका छौं । यसपालि अलि विशेष खालको परिस्थिति सिर्जना भएको हुँदाखेरी जनता आफूलाई यो विकास निर्माण भन्दा पनि यो कोरोनाबाट कसरी जोगाउने ? र, उनीहरुलाई कसरी बचाउने ? र जनताहरु आज ३ महिनासम्म लकडाउनको स्थितिमा छन् । पूर्ण रुपमा लकडाउन खोजेको अवस्था छैन । र, यो अवस्थामा जनताहरुलाई खाद्यान्न हरुलगायत राहत कसरी पुऱ्याउने भन्ने सवाल नै प्रमुख सवाल हो जस्तो लाग्छ । त्यसकारण गण्डकी प्रदेश सरकारले पनि फोकसिङ गर्दाखेरी कोरोनाको उपचार नियन्त्रण र यसको व्यवस्थापनको लागि भनेर फोकसिङ गरिरहेको छ र यसले गर्दाखेरी रोजगारीका कुराहरु शिक्षा, स्वास्थ र कृषिमा रोजगारीका अवसरहरु सिर्जना गर्ने भनिराखेको छ ।

तथापि यो सदनमा सम्मानित सदनमा सत्ता पक्षको माननीय ज्यूहरुले अथवा मन्त्रीज्यूहरुले असाध्यै उत्कृष्ट काम गरिराखेका छु र असाध्यै राम्रो काम भइरहेको छ भन्ने र विपक्षीको माननीयज्यूहरुले अब यो काम भएको छैन केही पनि भनेजस्तो गरेर यो दोहोरी जस्तो मात्र भइरहेको छ । यस्लाई जनताहरुले कत्तिको आभाष पाए त ? जनताहरुले यो कोरोनाको उपचारमा आइसोलेसन कक्षहरुको निर्माणको कुराहरुमा क्वारेन्टाइन व्यवस्थित गर्ने कुराहरुमा जनताहरुले कस्तो खालको महसुस गरेका छन् ? उनीहरुको अपेक्षा अनुसार पूरा भएको छ कि छैन ? भन्ने कुरा त्यो महत्वपूर्ण हुन्छ जस्तो मलाई लाग्छ र यो गण्डकी प्रदेश सरकारले यो कोरोना संक्रमणको नियन्त्रण गर्ने उपचार गर्ने, क्वारेन्टाइनहरुलाई अलि वैज्ञानिक तवरले अलि विकास गर्ने, यो पिसिआर टेस्टहरुको दायरा फराकिलो गर्ने भनेर यो बजेट बक्तव्यको २६ नम्बरमा ६० करोड ४० लाख भनेर छुट्टाइएको छ, मेरो विचारमा पनि यो एकदमै थोरै हो । अपर्याप्त हो जस्तो लाग्छ । यसलाई दोब्बर बढाएर लैजानुपर्छ जस्तो लाग्छ । यो

प्रदेशको राजधानी पोखरामा जुन पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान छ, यसलाई कोरोनाको विशेष अस्पतालको रुपमा हेरिएको छ, प्रदेशको राजधानी पनि भएको हुनाले, अलिकति केही कुरा तथ्यहरू सभासमक्ष राख्न चाहन्छु ।

क्वारेन्टाइनको अवस्था अत्यन्तै दयनीय छ । अव्यवस्थित र असुरक्षित पनि छ । यल्ले गर्दा खेरी मानिसहरु भाग्ने हत्या गर्ने महिलाहरु बलात्कृत हुने सम्मको अवस्था सिर्जना भाको छ । त्यसकारण कोरोना, यो क्वारेन्टाइनको व्यवस्थित गर्नतर्फ सरकार एकदमै अहिले जे जति प्रयासहरु भइरहेका छन् , यो प्रयास अपर्याप्त छ । यो तर्फ सरकारको ध्यान जाओस् भन्ने म चाहन्छु ।

अर्को प्रदेशको राधजानी यो पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अहिले पनि आजको दिनमा पनि करिब २ हजार जना स्वाब टेस्ट गरेर पालो कुरिरहेको अवस्था छ अहिले । यो असाध्यै पीडादायी अवस्था पनि हुन्छ । स्वाब संकलन गर्ने तर त्यसको रिपोर्ट आउन धेरै दिन लाग्ने, ८ दिनदेखि १० दिन लागिराखेको अवस्था छ । यसलाई छिटोभन्दा छिटो यो पिसिआरको स्वाब कलेक्सन मात्रै ठूलो कुरा भएन । यसलाई रिपोर्ट पनि छिटो आउनु पऱ्यो । यो व्यवस्था हुन सकेको छैन । यसको लागि अटोमेटिक यो मेसिनहरु खरिद गर्ने र चरम अभावको रुपमा यो यो स्वास्थ्यकर्मीहरु, ल्याब टेक्निसियनहरुको अभाव हामीले पाएका छौं । यो तर्फ बढी नै ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । र, संक्रमित व्यक्तिहरूको एक हप्ता १० दिनसम्म यो कोरोना टेस्ट यो कोरोना संक्रमित व्यक्तिहरु क्वारेन्टाइनमा भएको व्यक्तिको मृत्यु भइसक्छ, त्यसको १ हप्तापछि मात्र यसको टेस्ट पोजेटिभ भएर आको अवस्था छ । यसले गर्दाखेरी पनि यसको जोखिम कति हुन्छ भन्ने कुरा पनि सोच्न जरुरी छ जस्तो मलाई लाग्छ । र हिजोमात्रै यो पोखरामै पोखरा ३० एक जना युवा १७ दिनसम्म क्वारेन्टाइनमा बस्नु भयो र उहाँ अब यो रिपोर्ट आउन धेरै ढिलो भयो, स्वाब टेस्टको भनेर घरमा जानु भयो । आफ्नै घरमा । त्यो घरमा चार दिनपछि कोरोना रेस्टको रिपोर्ट आयो र पोजेटिभ आएको छ । यो अवस्था भनेको ज्यादै खतरानाक हो । यो तर्फ सरकारको जानुपर्छ भन्ने मलाई लाग्छ ।

अर्को कुरा यो आगामी वर्ष यो प्रशासनिक खर्चलाई अलिकति मितव्ययीता गर्ने र विभिन्न किसिमका भत्ताहरु खाजा भत्ता, भ्रमण भत्ताहरु र ओभर टाइमको भत्ताहरुलाई यसलाई मितव्ययी तरिकाले अनावश्यक खर्चहरुलाई घटाउने भन्ने कुरा आएको छ । यो असाध्यै सह्राहनीय कुरा पनि हो । तर हामी जनप्रतिनिधिको के रहयो त योगदान

। हामीले के दियौ त नि योगदान, जनप्रतिनिधिहरुले मन्त्रीज्यूहरुले । यसमा हामीले पाउने भत्ताबाट केही प्रतिशत हाम्ले पनि दिनुपर्ने हो कि ? एक वर्ष, दुई वर्ष । त्यो तर्फ पनि सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ । भारत सरकारले पनि २० प्रतिशत सम्पूर्ण प्रधानमन्त्री, सांसदहरु सम्पूर्ण जनप्रतिनिधिहरुले २० प्रतिशतको दरले २ वर्षसम्म भन्नुभाको छ । २ वर्षसम्म आफूले पाउने सेवा सुविधाको २० प्रतिशत यो कोरोना कोषमा राख्नुभाको छ। हामीले त्यो सिको गर्नुपर्छ कि जस्तो मलाई लाग्छ ।

अर्को कुरा यसपालि पनि विभिन्न मन्त्रालयहरुमा यो अबण्डा शीर्षक यो अबण्डा खालको शीर्षक नखुलेका यसपालि पनि धेरै छन् । धेरै मन्त्रालयहरुमा यो खालको रहेकोछ । र विशेष गरेर यो २४ करोड ५५ लाख यो सडक निर्माण, यो निरन्तर बजेटसम्म पर्छ २४ । यो यो २४ करोड ५५ लाख यो सडक सुधार तथा मर्मत भनेर राखिएको छ । यो खालको बजेटले के भने मन्त्रीको स्वविवेकीय अधिकार बढी हुने र आफ्ना कार्यकर्ताहरुलाई मात्रै खुसी पार्नको लागि यो खालको बजेटहरु वितरण गर्ने सम्भावना असाध्यै धेरै देखिएको हामीले त्यो अनुभव पनि गरिराखेका छौं । यो बुँदा नम्बर १०२ मा छ । र विभिन्न सडक निर्माणको लागि ६ अर्ब १७ करोड भनिएको छ भने २४ करोड ५५ फेरि त्यो सडक मर्मतको लागि भनिएको छ । यस्ता खालको शीर्षकहरुमा यो पोके बजेट राख्दा खेरी विशेष गरेर विपक्षी दलको माननीयहरुलाई भेदभाव गरिएको हामीले पाएका छौं ।

यो हाम्रो व्यापक विरोध रहँदारहँदै पनि यो तर्फ सरकारले यसपालि पनि ध्यान दिएन । यसलाई पनि कन्टिन्यु गरिराखेको छ । अर्को कुरा बुँदा नम्बर २९ मा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता परिमार्जन सहित निरन्तरता भनिएको छ । यो पनि त्यत्ति जनताले रुचाएको कार्यक्रम होइन । यो अलि अप्रिय खालको कार्यक्रम हो । र, यो एउटा सांसद र अर्को सांसद बीच यसले अलिकति भेदभाव गरेको छ । समान वितरण गरेको छैन । त्यसकारण यो कार्यक्रमलाई खारेज गर्नुपर्छ भनेर हाम्ले धेरै यही पोडिएमबाट पनि धेरै कुराहरु राख्यो ।

यसलाई पनि निरन्तरता दिइएको छ । यसलाई पनि खारेज गर्नुपर्छ भन्ने मेरो माग रहेको छ । र, अघिल्लो वर्ष पनि पोखरा बसपार्क पोखरा चक्रपथ पोखरा ३३ पुँडीटारमा उद्योग ग्राम आदि भनेर धेरै कुराहरु राखियो र त्यो बेला त्यो एक वर्ष हामीले यो प्रदेश सरकारले केही पनि काम गर्न सकेन र अहिले पनि त्यसलाई फेरि

एकदमै डिप्लोम्याट शब्दहरु प्रयोग गरेर त्यसलाई राम्रो तरिकाले प्रस्तुत गर्न खोजिराखिएको छ । अब यो सिन्को पनि नभाँच्ने भएपछि फेरि त्यसैलाई फेरि किन रिपिट गरिराखु पऱ्यो भने भन्ने मेरो भनाइ छ । यदि काम गर्नुपऱ्यो, कार्यान्वयन पक्ष दह्रो हुनुपऱ्यो, संयन्त्र त्यही खालको बनाउनुपर्छ । यदि त्यसो होइन भने योजनाहरु राखे तर काम नगर्ने भइराखेको हामीले पाएका छौं र अघिल्लो वर्ष बजेट वक्तव्यमा चालु खर्च ३८ र पुँजीगत खर्च ६८ अठ्तिस र ६२ प्रतिशत थियो, यसपालि चालु खर्च झन् बढेर ३८ बाट ४१.२ प्रतिशत पुगेको छ । यल्ले अलिकति यसको यसले इन्डिकेटर राम्रो देखाउँदैन । त्यसकारण यो चालु खर्च यसरी बढ्नु राम्रो होइन । चालु खर्च बढाएर घटाएर यो पुँजीगत खर्च बढ्न बढाउन पाएको भए अझ राम्रो हुन्थ्यो भन्ने यहाँ सदन समक्ष राख्न चाहन्छु र यति कुराहरु राख्दै मेरो आफ्नो भनाइ यही टुंगाउँछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय श्री पुष्पा केसी भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री चन्द्रमोहन गौचन ।

**माननीय पुष्पा केसी भण्डारी**

माननीय सभामुख महोदय, समयका लागि आभार प्रकट गर्दै विषय प्रवेशभन्दा अगाडि २०७७ साल जेठ ३१ गते शनिबार संविधान संशोधन गरी नेपालको निशाना छापमा नेपालको नयाँ नक्सा अंकित गरिएकोमा माननीय सभामुख ज्यूमार्फत सम्पूर्ण देशवासीमा बधाई ज्ञापन गर्दै नेपाल सरकार सम्पूर्ण दलहरु र सम्माननीय प्रधानमन्त्रीज्यूप्रति यस ऐतिहासिक कदमका लागि हार्दिक बधाई एवं आभार प्रकट गर्दछु र विषय प्रवेशको अनुमति चाहन्छु ।

सभामुख महोदय, कोरोनाको महामारीले विश्व आक्रान्त भएको बेला पनि प्रदेशका गतिविधिलाई निरन्तरता दिदै प्रदेश सरकारले आर्थिक वर्ष २०७७, ७८ को बजेट प्रस्तुत गरेको छ । माननीय आर्थिक मामिला तथा योजना मन्त्री ज्यूले यस सम्मानित सभासमक्ष प्रस्तुत गर्नुभएको उक्त बजेट वक्तव्यमाथि थोरै कुराहरु राख्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, समय र परिस्थितिलाई ध्यानमा राखी बजेटले स्वास्थ्य क्षेत्रलाई ध्यान दिनुपर्ने थियो र दिएको पनि छ । यो समय स्वास्थ्य नै सर्वोपरी हो। नागरिकको

जीवन र प्राण रक्षा सर्वोपरी हो । र त्यसको लागि काम या रोजगारी सर्वोपरी हो भन्ने कुरालाई बजेटले बुझेको देखिछ । स्वदेशभित्र बसिरहेका र विदेशबाट आउने नागरिकहरु समेतलाई कसरी रोजगारीसँग जोड्न सकिन्छ भन्ने बारेमा बजेट बोलेको छ ।

परिस्थिति विषम भए पनि शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, वातावरण, विकासका थुप्रै पाटा समेटेको भौतिक पूर्वाधारदेखि लिएर सामाजिक सुरक्षाका पक्षहरुलाई बजेटले समेटेर अघि बढ्न चाहेको देखिन्छ । हुन त कोभिड १९ को बेला स्वास्थ्य र हातमुखको जोहो बाहेक यी विविध पाटाको अहिले के काम ? भन्ने पनि सुन्न पाइन्छ। तर असल योजनाका कारण सधै विकल्प पनि लिएर अघि बढेको हुनुपर्छ र यो बजेटले पनि त्यो कुरा अंगिकार गरेको छ भन्ने म ठान्दछु । स्थायी सरकारको विशेषता अनुरुप कामहरुलाई निरन्तरता दिनु आवश्यक निर्माणका कामलाई प्राथमिकता दिनु र जुन काम पछि गर्दा पनि हुन सक्छन् ती कामलाई स्थगित गरी त्यो बजेट स्वास्थ्य र रोजगारीतर्फ लगाउन सरकार उन्मुख हुँदै गएको छ ।

सभामुख महोदय, बजेटका बुँदा बुँदामा म प्रवेश गरिनँ । एउटा खासियतलाई म उल्लेख गर्न चाहन्छु । गण्डकी प्रदेशको बजेट २ वटा कुरालाई विशेष ध्यानमा राखी तयार भएको छ । त्यो हो जलवायु परिवर्तन र लैंगिक उत्तरदायी दायित्व जुन कोरोना पछिका जल्दाबल्दा विषय हुन् । यसै विषयमा म सँगै हिजो भएको एउटा प्रसंग उल्लेख गर्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, एक जना सायद पत्रकार हुनुहुन्छ, मित्रले मलाई सोध्नु भयो, यो बजेट महिलामैत्री छैन भन्छन् ? तपाई के भन्नुहुन्छ ? मैले भने, यो बजेट महिला मैत्री छ र गण्डकी प्रदेश यो विषयमा विगतदेखि नै सचेत छ । अनि उहाँले भन्नुभयो, कहाँ त्यस्तो हुनु ? सबै महिला सबै त महिलालाई केही कार्यक्रम छैन भन्नुभाछ, सबैले त भनेर भन्नुभाछ । अनि मैले भने, यो बजेट बक्तव्यको बुँदा ५३, ५४ र ५८ मा महिलाका कुरा स्पष्ट छन् र समग्रमा यो बजेट नै लैंगिक उत्तरदायी बजेट हो भने।

मैले त्यसो भनेपछि उहाँले, तपाईसँग पछि कुरा गरौंला है । अहिले तपाईको कुरा समावेश गर्न सकिएन भनेर भन्नुभयो । मैले हवस् धन्यवाद भने ।जब कि यो बजेटमा लैंगिक उत्तरदायी बजेटको स्वरुप यस्तो छ, प्रत्यक्ष ५४.२७ प्रतिशत, अप्रत्यक्ष ३६.१७ प्रतिशत र तटस्थ ९.५६ प्रतिशत । प्रत्यक्ष भनेको महिलालाई ५० प्रतिशत

वा त्यो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप हुन् । अप्रत्यक्ष भनेको २० देखि ५० प्रतिशत सम्म र तटस्थ महिलालाई २० प्रतिशतभन्दा कम लाभ पुग्ने क्रियाकलाप हुन् । त्यसैले यो बजेट महिलामैत्री छ । अचालको जमानामा सेवाको के कुरा गर्नु भन्दै यसका लागि अर्थमन्त्रीज्यू र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । यति भनिरहँदा म के पनि अलि गर्न चाहन्छु भने महिला ११ देखि १८ घण्टासम्म काममा लागिरहेका हुन्छन्, ८ घण्टा काम गर्ने कामदारको न्युनतम ज्याला १३ हजार ५ सय कायम गरिएको छ भने न्युनतम ११ घण्टा बढीमा १८ घण्टा काममा लागिरहने महिलाको पनि कामको मूल्य कायम गर्ने भन्ने पञ्चवर्षीय योजना संघ र प्रदेश दुवैको उल्लेख छ । त्यसलाई व्यवहारमा उतारी ५१ प्रतिशत महिलाको स्वाभिमान र सम्मानमा वृद्धि गरिदिन पहल गरिदिनोस् हामीलाई खुसी हुनेछ।

सभामुख महोदय, राज्यलाई कर तिर्नु भनेको नागरिक राज्यप्रति उत्तरदायी हुनु हो र राज्यलाई नागरिकप्रति उत्तरदायि बनाउनु हो । कर तिरेर भएर नै हरेक नागरिकले सरकारलाई भनिरहेको हुन्छ, हाम्रो ट्याक्स कता हाल्यौ ? के गऱ्यौ ? या सदुपयोग वा दुरुपयोग भयो आदि । कर नतिर्नेले यस्तो भन्ने हक राख्दैन । न त हक हकपूर्वक राज्यले हेऱ्यो भन्न नै सक्छ । कर कर नभएर डर हुनुपर्छ । राज्य संचालनमा करको महत्वपूर्ण भूमिका छ । यो सबैले बुझेको कुरा हो । त्यसका साथमा विकास निर्माणमा पनि आफ्नो देशका आयले पुऱ्याउन सके, ऋण लिन पर्ने थिएन । तर त्यो अहिलेको दिनहरुमा सम्भव नहोला तर सोच राख्नुपर्दछ । जति कर तिर्न सकिन्छ, त्यति नै राज्य बलियो हुन्छ र विकास निर्माण देखि सामाजिक सुरक्षाको क्षेत्रमा पनि क्षेत्र पनि फराकिलो बन्न सक्दछ । बाल पोषण रहित र वृद्धावस्था भवयरहित हुन सक्दछ ।

सभामुख महोदय, पहिले नै स्वीकार गरेको छु, कर लगाउनुपर्छ । यस्तो भन्दै गर्दा घर जग्गा रजिष्ट्रेसन जुन छ, त्यसमा घर घर जग्गा किनबेच गर्दा सरकारले त्यो स्थानको भूमिको कति मूल्य तोकेको छ, त्यति नै कर तिरिन्छ तर किनबेच त्यतिमा हुन्न र सर्वविदितै छ । बरु त्यसको लागि करको प्रतिशत घटाएर जति रकममा किनबेच भएको छ, त्यति नै कर तिर्ने व्यवस्था मिलाउन सकेमा प्रदेशलाई आम्दानी पनि राम्रो हुने र विक्रेताको आय पनि वैधानिक हुने हुन्थ्यो भन्ने सुझाव राख्न चाहन्छु। त्यस्तैगरी कृषि आयमा कर भन्दा कृषक वर्गमा डर पैदा हुन सक्छ । त्यो डर नमान्दा हुन्छ भनेर कृषक वर्गमा सभामुखमार्फत जानकारी गराउन चाहन्छु । वार्षिक १० लाखसमम्को आयमा कर लाग्दैन र त्योभन्दा बढी आम्दानी भएर कर तिर्न पाइयो भने

गर्व गर्नुपर्दछ । यसतर्फ म सरकार गर्व गर्नुपर्दछ तर समयमा मलबिउको उपलब्धता किसानको हक हो यसतर्फ सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु । राज्यले आवश्यक परेको खण्डमा हामीले हाम्रो भनेको सम्पत्ति पनि संविधानका अधिनमा रही दिनुपर्ने हुन्छ, त्यहाँ त करको कुरा गरिरहेका छौं । कोभिड १९ ले गर्दा लकडाउन भयो ।

जनजीवन ठप्प भयो । उद्योग धन्दा बन्द व्यापार स्कुल कलेज बजार सबै बन्द भए । रोजगारीमा जान सकेनन् नागरिकहरु । त्योबेला जीवन धान्न सरकारले राहत उपलब्ध गरायो । त्यसका लागि म आभार व्यक्त गर्दछु र कार्यालय खुलेपछिको ६० दिन कर तिर्न समयावधि प्रदान गरेकोमा पनि प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु ।

पर्यटन र उद्योगतर्फ बजेट वक्तव्यको ७७ र बुँदा ८१ ले राहत दिनेछ भन्ने म ठान्दछु । समग्रको विश्वको अर्थतन्त्र खलबलिएको बेला हाम्रो देश, प्रदेश र पालिकाहरु पनि यसको प्रभावबाट अछुतो रहने कुरै भएन । कोभिड १९ ले अस्तव्यस्त पारेका बखत पनि हतास नभई यो बजेट ल्याउने अर्थमन्त्री ज्यू र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । कोभिड १९ को संक्रमण व्यवस्थापनमा लागिपरेको प्रदेश सरकार र मुख्यमन्त्रीज्यूलाई हार्दिक आभार प्रकट गर्दै दिनानुदिन प्रकोप बढ्दै गएको सन्दर्भमा अझ सतर्कता पूर्वक कोभिड १९ विरुद्धको अभियानमा सक्रिय हुन आग्रह गर्दै आफ्नो साथ र सहयोग पनि निरन्तर रहनेमा विश्वास दिलाउन चाहन्छु ।

सभामुख महोदय, जाँदाजाँदै अर्थमन्त्रीज्यूले आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश आयोजना तथा कार्यक्रमलाई तोकिएको समयमा सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सम्पूर्ण प्रक्रिया पूरा गरी कार्यान्वयनमा जाने व्यवस्था मिलाउने कुरा बजेट बक्तव्यमा उल्लेख गर्नुभएको छ । यो अत्यन्त सह्राहनीय छ । यस्तो भएमा विकासले तीव्रता लिनेछ र बजेटको सही सदुपयोग पनि हुनेछ भन्ने धारणा राख्दै सफलताको शुभकामना सहित आफ्नो पनि सहमति व्यक्त गर्दै आज्ञा चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री सरिता गुरुङ ।

**माननीय चन्द्रमोहन गौचन**

माननीय सभामुख महोदय, आज हामी यस सम्मानित सभामा आर्थिक वर्ष २०७७।३। १ गतेका दिन आएको बजेटमाथि सम्मानित सभामा आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्यूबाट प्रस्तुत बजेटमाथि छलफलमा छौं । यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वाधीनता, स्वतन्त्र, लोकतन्त्र तथा न्याय र परिवर्तनका लागि सहादत प्राप्त गर्ने सम्पूर्ण अमर सहिदहरु प्रति भावपूर्व श्रद्धाञ्जली व्यक्त गर्दछु । मुलुकको अग्रगामी परीवर्तनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रजप्रति हृदयदेखि नै सम्मान व्यक्त गर्न चाहन्छु।

विश्वव्यापी नोभल कोरोना भाइरस महामारीबाट ज्यान गुमाएका सबै व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । कोरोनाबाट संक्रमित भई उपचारत् सबै बिरामीहरुलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै कोभिड १९ का विरुद्ध संलग्न सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी साथै यस अभियानमा खटिएका स्वयं राष्ट्रसेवक जनप्रतिनिधि र नागरिकहरुप्रति हार्दिक नमन गर्न चाहन्छु । वर्षायाम सुरुवातमै गत शनिबार राति आएको पहिरोमा परी कुष्मा नगरपालिका वडा नम्बर ३ दुर्लुङ ढकालबारीमा भएको मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, अहिलेको यस विषम परिस्थितिलाई ख्याम ख्याल गरी ल्याइएको यस बजेटले समृद्धको प्रदेश सुखी नागरिक निर्माण गर्ने गण्डकी प्रदेश सरकारको दीर्घकालीन लक्ष्य प्राप्ति गर्न यो बजेट वक्तव्यको महत्वपूर्ण योगदान रहेको विश्वास लिएको छ । सरकार सरकारका काम कारबाहीबाट जनतामा आशाका किरण पलाउँदै गर्दा हामीले कोभिड १९ महामारी महामारीको अवसर पनि विश्वव्यापी चपेटमा परेका छौ । यो महामारीको प्रभावबाट मुक्त भई छिट्टै अर्थतन्त्रलाई चलायमान बनाउन कोभिड १९ महामारी तथा लकडाउनका कारण मुलुकमा उत्पन्न असमान्य अवस्था तथा राज्य अर्थतन्त्रमा परेको परेको यसको प्रभाव र असरलाई बस्तुगत आँकलन र विश्लेषण गरी प्रदेश सरकारको विगतको वर्षमा ल्याइएको बजेटभन्दा फरक ढंगको पाएको छु । यो विषम परिस्थितिलाई यसले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छ ।

सभामुख महोदय, बजेट सही छ । सही आँकलन गरी आत्मसात गरेको छु । यो बजेट नीति तथा कार्यक्रमको आधारमा आएको छ । यसले सही दिशा निर्देशन गर्छ भनी विश्वास लिएको छु । यसले गण्डकी प्रदेशको भविष्य उज्ज्वल बनाउने आधार

स्तम्भ निर्धारण गरेको छ । यो बजेट पूर्ण रुपमा आत्मसात गर्दै यस सरकारलाई धन्यवाद भन्न चाहन्छु ।

सभामुख महोदय, सरकारले सवल र समृद्धि प्रदेश निर्माण गर्नको लागि संवैधानिक व्यवस्था प्रदेशका अधिकारीको सूची नेपालको नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएको दिगो विकासको लक्ष्य, संघीय आर्थिक नीति र प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ मा लिइएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिनुपर्छ । तबमात्र यो बजेटले सार्थकता पाउँछ । यो आर्थिक वर्षलाई प्रदेश सरकारको सुदृढ र व्यवस्थापनको लागि प्रादेशिक नीति तथा संरचना निर्माण वर्षको रुपमा कार्यान्वयन गर्न अगाडि बढाउनुपर्छ नै तबमात्र सरकारले छुट्टाएको बजेटलाई कार्यान्वयन गर्न सफल हुन्छौ तबमात्र समृद्ध प्रदेश र सुख नागरिकको लक्ष्यमा पुग्न सक्छौं ।

सभामुख महोदय, बजेट वक्तव्यमा समाजवाद उन्मुख अर्थ व्यवस्थाको लक्ष्य सार्वजनिक, निजी र सरकारी तथा सामुदायिक सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न नवप्रवर्द्धक गतिशील नीतिको कार्यान्वयनमा जोड र अर्थतन्त्रलाई उत्पादनमुखी, आयआर्जनमा जोड, रोजगार प्रबन्ध आत्मनिर्भर र निर्यातमूलक बनाउनमा जोड दिएको छ । यो सवल पक्ष हो । संघीयता कार्यान्वयनमा प्रदेश प्रदेशका बीचमा सुशासन, विकास र समृद्ध हासिल गर्न तीव्र प्रतिस्पर्धा हुने हुँदा सार्वजनिक, निजी र सहकारी क्षेत्रको पुँजीलाई प्रदेशमा नै लगानी गर्ने वातावरणमा सहजता ल्याइएको छ । यो राम्रो पक्ष रहेको छ। कोभिड १९ को बाबजुद पनि प्रदेशका प्रदेशको आर्थिक समृद्धिको आधारको रुपमा रहेको पर्यटन, ऊर्जा, कृषि र भौतिक पूर्वाधार विकासमा लगानी गर्ने वातावरण यस बजेटमा मुख्य रुपमा रहेको छ । यो हाम्रो लक्ष्य पनि हो । खुसीको आधार पनि हो । त्यसैले यस मानेमा यो बजेट राम्रो र सफल छ । धन्यवाद । अभिभादन ।

**माननीय सभामुख**

माननीय श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय चन्द्रबहादुर बुढा ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य आर्थिक मामिला तथा योजना मन्त्रीज्यूमार्फत यस गरिमामय सभामा २०७७।३।१ गते प्रस्तुत भइसकेको छ ।

माननीय सभामुखज्यू,आर्थिक २०७७/७८ को वजेट ३४ अरब ८४ करोड २१ लाख ६० हजार लगभग ३५ अरबको बजेट विनियोजित गरिएको छ । त्यसैगरी माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकता दिंदै पूर्वाधार विकास कार्यक्रममा बजेट कम छुट्टाएको देखिन्छ । सरकारले स्वास्थ्यलाई प्राथमिकता दिनु सकारात्मक विषय हो । तर यसको कार्यान्वयन पक्ष हेर्न बाँकी नै छ ।

माननीय सभामुखज्यू, यसरी सरकारले स्वास्थ्यलाई प्राथमिकता दिइरहने क्रममा यस पुस्तकको बुँदा ३५ मा प्रदेश सरकारले जिल्लामा रहेको अस्पतालहरुलाई पहिलो प्राथमिकता दिंदै नेपाल दिंदै स्तरउन्नति गर्ने र नेपाल सरकारको सहकार्यमा अस्पतालहरुलाई स्तरउन्नति गर्ने भनिएको त्यहाँ उल्लेख गरिएको छ । त्यहाँ तनहुँको बन्दीपुर यस पुस्तकमा परेको छ । तनहुँवासीको नाताले हार्दिक धन्यवाद दिन चाहन्छु तर सँगसँगै के छ भने तनहुँ जिल्ला सदरमुकाममा रहेको दमौली अस्पताल एउटा पृथ्वी हाइवेसँग जोडिएको र त्यहाँ जनघनत्व जनसंख्याको बढी र हाइवेको वरिपरि हाइवेसँग जोडिएको कारणले गर्दा त्यहाँ धेरै दुर्घटनाहरु भइरहने र सदरमुकाममा सबैलाई पाइक पर्ने अस्पताल भएको कारणले जनताको बिरामीको चाप र जनताको चाप खेप्न धौ धौ परिरहँदा अहिले जिल्ला अस्पताल तनहुँ जिल्ला सदरमुकाममा रहेको दमौली अस्पताल पर्न सकेको छैन । यसमा प्रदेश सरकारको ध्यान जाओस् भन्ने अनुरोध गर्न चाहन्छु । किनभने त्यहाँ के के गर्न पर्ने हो एउटा तनहुँवासीको नाताले अस्पताल बनाउनको लागि जहिले तत्पर रहने पनि यस प्रदेशसभामा प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, यसरी सरसर्ती हेर्ने क्रममा यसै पुस्तकको बुँदा ३५ मा प्रदेश पुस्तकको माननीय सभामुखज्यू बुँदा ५३ मा महिला महिलाको आर्थिक, सामाजिक, राजनीतिक संस्कृतिक लैंगिकमा कार्यक्रमहरुमा प्राथमिकता र सिद्धान्त दिएको छ भन्ने उल्लेख गरिएको छ । यो हेर्दा मलाई अचम्म लागिरहेको छ ।

माननीय सभामुखज्यू, म पनि एउटा महिला हुँ । किनभने यो कार्यक्रम असाध्यै राम्रो छ र शीर्षकमा छ र किताबमा पनि उल्लेख गरिएको छ । यो कहाँ कुन ठाउँमा

भाको छ । कति जना महिलाहरुले कार्यक्रममा सहभागी भाको छ र कति जना महिलाले यसको सुविधा प्राप्त गरिराखेको छ ? यो थाहा पाउन पाए अझ राम्रो हुने थियो । हैन भने माननीय सभामुखज्यू म यस गरिमामय सभामा के भन्न चाहन्छु भने यस्ता कुराहरु लिपिबद्ध गरेर एउटा पुस्तकमा दस्तावेज गरेर इतिहास तयार गर्न यो झुट हो । यस्तो कुराहरु हाम्ले गर्न हुँदैन । मलाई यसै कहाँ छ र के छ भन्ने जानकारी पाउँ । यस्तो झुठ कुराहरु नराख्न पनि प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, यसै सिलसिलामा बुँदा नम्बर ५४ मा एकल महिला, अल्पसंख्यक, जस्तै अल्पसंख्यक यौनिक लैगिक विषयहरुको बारे उल्लेख गरिएको छ। त्यस्तै सँगसँगै बुँदा ५८ मा युवा, दलित, श्रमिक जस्ता विषयहरुको बारेमा पनि यहाँ व्यव यहाँ उल्लेख गरिएको छ । यसरी उल्लेख गरिरहँदा युवा शक्ति भनेको यो देशको शक्ति हो । यो देशको श्रोत हो । युवाको हातमा यो देश छ भन्ने हामी भनिरहने गर्छौं । त्यति हुँदाहुँदै मै यो दलित, श्रमिक, अपांग जस्ता भन्ने कुराहरु अल्पसंख्यक भन्ने असाध्यै संवेदनशील विषय हो । यो विषयप्रति यो भोलि यो सबै एकै बुँदामा मिसमास भएर आएको छ । यो भोलि कार्यक्रम आउँदा खेरी यसरी मिसबास भएर आउनु हुन्न भन्ने पनि म सरकारलाई सुझाव दिन चाहन्छु । किनभने यस्तो विषयहरु आउँदाखेरी आ आफ्नो शीर्षकमा आउन पर्छ र त्यो जनताहरुको त्यो युवाको, त्यो दलितको, त्यो एकल महिलाको, त्यो अल्पसंख्यक संख्याको, त्यो यौनिक र त्यो यिनीहरुको एउटा यो संवेदनशील भएको कारणले गर्दा आवश्यकता, दक्षता क्षमताको आधारमा लक्षित कार्यक्रमहरु ल्याउनुपर्छ भन्ने पनि म प्रदेश सरकारलाई सुझाव दिन चाहन्छु ।

माननीय सभामुखज्यू, यहाँ धेरै कुराहरु आइसक्यो । यो एउटा राजनीतिकको धर्म हो कि भन्ने पनि सत्ता पक्षका माननीय ज्यूले भनिसक्नु भो । यो असाध्यै राम्रो छ भन्ने प्वाल परेकालाई सिलाउने, यता प्रतिपक्षलाई प्वाललाई ठोकी ठोकी ठूलो भ्वाङ पार्ने भनेजस्तो भयो । यो मलाई त्यस्तो हो जस्तो लाग्दैन । किनभने हामी अहिले २१ औ शताब्दीको नेतृत्व गर्ने जनप्रतिनिधिहरु हो । मात्रै राजनीतिको धर्म मान्नुपर्छ भन्ने छैन। देखेकोलाई देखेको र भाकोलाई भाको र होइनलाई होइन भन्न पर्ने हुन्छ किनभने अहिले कोभिड १९ को महामारीले गर्दा पूर्वाधारमा भन्दा स्वास्थ्यमा धेरै बजेटहरु छुट्याएको छ । भनिराख्नु भाको छ, अहिले माननीय मन्त्रीज्यूले किनभने अहिले यो भत्ताको बारेमा अन्य सुविधाहरु कटौती गरिएको छ भन्ने कुरा पनि जानकारी गरिसक्नु भो । त्यो असाध्यै राम्रो कुरा हो तर त्यति हुँदाहुँदा यहाँ चालु खर्चमा बढी

बजेट देखिन आएको छ । चालु खर्चमा बढी बजेट देखिने वित्तिकै त्यहाँ शंकाको घेरा भित्र पर्ने सम्भावना बढी हुन्छ । तर हाम्ले शंका गर्नु त्यो नकारात्मक सोच गर्नु बेठिक हुन सक्छ । मलाई लाग्छ, प्रदेश गण्डकी प्रदेश सरकारले योलाई कुनै शंका नगरिकन एउटा पारदर्शीता गर्नु हुनेछ भन्ने मलाई विश्वास छ किनभने आर्थिक मामलामा पारदर्शीता ट्रान्सपरेन्सी यसको सुन्दर पक्ष हो । त्यसैले यसमा ट्रासरेन्सी गर्नुपर्छ भन्ने पनि यहाँ अनुरोध गर्न चाहन्छु र सँगै सुझाव दिन चाहन्छु ।

माननीय सभामुखज्यू, यस सँगसँगै भन्नपर्दा यसै बक्तव्यको पुस्तकमा १८६ पेजमा बुँदामा भ्रष्टाचार विरुद्धको शून्य सहनशीलता नीति अवलम्बन गरिएको गरिएको भएको, गरिएको छ, भनिएको छ । यसमा साँच्चै नै भन्ने हो भने वर्तमान अवस्थामा अहिलेको सरकारले स्वास्थ्य जस्तो संवेदनशीलमा पनि कति भ्रष्टाचार गरेको छ त्यो लगायत विकास योजना लगायत अन्य धेरै कुराहरुमा भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । त्यो कुरा हामी सबैलाई घाम जस्तै छर्लङ्ग भइराखेको छ तर यी ती त्यो कुराहरुबाट टाढा रहन म गण्डकी प्रदेश सरकारलाई सुझाव दिन चाहन्छु । किनभने यहाँ १४६ बुँदामा यी कुराहरु व्यवस्था गरिएको भएको कारणले गर्दा खेरी यो भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता एउटा जिरो ट्रान्सपरेन्सीमा लानलाई गण्डकी प्रदेश यस्ता कुराहरुबाट लिप्त हुन हुँदैन र यहाँहरु यो कुराहरुबाट टाढा भयो भने पक्कै पनि गण्डकी प्रदेशका जनताले जनता जनताले सुखी रहनेछ । गण्डकी प्रदेश समृद्ध रहने छ भन्ने मैले विश्वास गरेको छु र सँगसँगै यी कुराहरुमा यहाँहरुले लागु गर्ने छ र यो भ्रष्टाचार विरुद्ध कार्यान्वयनमा गण्डकीमा प्रदेश एउटा नमुना, उदाहरण गरेर देखाउन सुझाव दिंदै मेरो भनाइहरु यही अन्त्य गर्छु । धन्यवाद । जय नेपाल।

**माननीय सभामुख**

माननीय श्री चन्द्रबहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री मेखलाल श्रेष्ठ ।

**माननीय चन्द्रबहादुर बुढा**

माननीय सभामुख महोदय, हामी यतिबेला गण्डकी प्रदेशको राजस्व र व्यय सम्बन्धी हामीले छलफल चलाइराखेका छौं र यस सन्दर्भमा सर्वप्रथम त हामी यो पीडादायी स्थितिबाट गुज्रिराखेको सन्दर्भमा कोरोना भाइरस रोगबाट मृत्यु हुने सबै मृतक प्रति म हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु । मृतकका आफन्तजनहरुमा

समवेदना व्यक्त गर्दै कोरोना महामारीबाट संक्रमित सबैको शीघ्र स्वास्थ्यको कामना पनि व्यक्त गर्न चाहन्छु ।

यसको साथसाथै यो महामारीको विरुद्ध अहोरात्र संघर्षमा खटिनु हुने सम्पूर्ण महानुभावहरु र तिनै तहको सरकारप्रति म सम्मान पनि व्यक्त गर्न चाहन्छु  र यो संकट यो महामारी र विषम परिस्थितिकै बीचबाट हामीले सायद गण्डकी प्रदेशको एउटा भविष्यप्रति हामी छलफल चलाइराखेका छौं । हामीले नीति कार्यक्रममा धेरै छलफल चलायौं पारित गर्‍यौं । हामीले विनियोजन विधेयकका ७७ का सिद्धान्त प्राथमिकता छलफल चलायौं । सायद त्यो छलफलको निष्कर्ष हो जस्तो लाग्छ मलाई । यो बजेट हामीले राजस्व र व्यय सम्बन्धी यो छलफलमा छौं  । त्यो एउटा निष्कर्ष हो । अब यो निष्कर्षलाई कसरी हामीले आत्मसात गर्न सक्छौ । हाम्रा बुझाईहरु हाम्रा धारणाहरु के हुन सक्छन् र कसरी यसलाई कार्यान्वयनमा लान सक्छौ अथवा परिणाममा हामीले कसरी यो गण्डकी प्रदेशलाई एउटा श्रेष्ठता हासिल गर्ने ठाउँमा पुर्‍याउन सक्छौ भन्ने सायद हाम्रो छलफल हुनुपर्छ भन्ने म यस सभामा राख्न चाहन्छु ।

यसो गर्दा सबैले हामी नीति कार्यक्रमको मुल स्प्रिट र त्यसको मर्मलाई आत्मसात गर्दै यो बजेट अहिले प्रस्तुत भएको छ । र, यो बजेट सबैले एउटा बजेटमात्र सीमित नभइकन राज्यको एउटा नीति पनि हो । भविष्य पनि हो । निर्देशक केरे मार्ग निर्देशन पनि हो । त्यतिमात्र हैन यो केवल त्यो एउटा आयव्यय मात्र नभईकन एउटा सामाजिक आर्थिक रुपान्तरणको एउटा दस्तावेज पनि हो । यो एउटा निष्कर्ष हो हाम्रो । यो राय सल्लाह सुझाव के हुन्छ म भन्न सक्दिनँ । तर हामी एउटा निष्कर्षमा पुगिसकेका छौं र यो निष्कर्षमा पुग्दै गर्दा खेरी अब हामीले कसरी व्यक्त गराउन खोज्या छौ भन्ने कुरा बजेटका अन्तरवस्तुहरुमा हामीले खोज्नुपर्छ । बजेटका अन्तर्बस्तुमा खोजिरहँदा मैले पाएको विषय के हो भने पहिलो कुरात हामीले यो महामारीको रोकथाम नियन्त्रण र उपचार कसरी गर्न सक्छौ भन्ने कुरा हो जस्तो लाग्छ । त्यसको लागि स्वास्थ्य क्षेत्रको व्यवस्थापन सुदृढीकरणको कुरा र मानवीय संकट र त्यसको व्यवस्थापनको कुरा राहत र सुविधा प्रदानका कुराहरु, अहिले जनजीविकाका सवालमा अहिले विकराल बन्ने थितिमा छ त्यसलाई कसरी  व्यवस्थापन गर्न सक्छौ भन्ने एउटा पहिलो मकसद हो जस्तो लाग्छ ।

दोस्रो कुरा, अर्थतन्त्रको कुरा जो गरिराख्या छौं । अर्थतन्त्रका सबै धेरै अवयवहरु छन्, ती अवयवहरुलाई यो बजेटमा अलि व्यक्त गर्न खोजिएको छ । हामीले त्यो

लगानीमैत्री वातावरणको सिर्जना गर्ने कुरामात्र हैन, हामीले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने कुरा हो । समाजवाद उन्मुख आत्मनिर्भर निर्माण गर्ने कुरा त्यो महत्वपूर्ण कुरा हो जस्तो लाग्छ । त्यसो भको हुनाले यसमा हामीले स्रोत साधन र जनशक्तिलाई कसरी उपयोग गर्न सक्छौ हाम्रा उत्पादन र उत्पादकत्वको बिक्री गर्ने कुरा, रोजगार सिर्जनाका कुरा हामीले आयात प्रतिस्थापनका कुरा, हामीले निर्यात प्रवर्द्धनका कुराहरु । यी विषयहरुलाई यहाँ उल्लेख गर्न खोजेको छ । त्यसो भएकोले यति मात्र हैन, महत्वपूर्ण कुरा जीवनरक्षा कोषलाई यहाँ यहाँ उल्लेख गरेको छ । त्यसो भएको हुनाले यो महत्वपूर्ण कुरालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ भन्ने कुरा म यस सन्दर्भमा राख्न चाहन्छु । र, तेस्रो कुरा, हामीले विकास समृद्धिले सुशासनका कुरा गर्‍या छौं । हामीले कतिपय दायित्व सिर्जना गर्नुपर्ने पूर्वाधार निर्माणका कार्यहरु छन् ।

त्यलाई सम्पादन गर्नुपर्ने स्थिति छ र हामीले कतिपय नयाँ त्यस्ता आवश्यकताहरुलाई पनि हामीले सम्बोधन गर्नुपर्ने स्थिति छ र यसलाई व्यवस्थित ढंगबाट अगाडि बढाउनको लागि त्यो स्वास्थ्य शिक्षामात्र हैन, अरु पूर्वाधार निर्माणका कामहरु खेलकुद पर्यटन सबै क्षेत्रमा यो बजेटको व्यवस्था गरेको छ । म सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अर्को कुरा हामीले मैले यो बजेटभित्र पाएको विषय संघीय शासन प्रणालीप्रति केही क्वीस्चनहरु उठ्ने गरेका छन् । हामीले बजेटको व्यवस्थापन गर्दा यसको कसरी संस्थागत विकास गर्न सक्छौं भन्ने कुरालाई पनि यहाँ इँगित गर्न खोजेको छ र महत्वपूर्ण कुरा भनेको राजश्व सम्बन्धी नीति । राजश्व सम्बन्धी व्यवस्था गरेको छ। हामीले आर्थिक विधेयक यसो सरसर्ती हेर्दा खेरी धेरै कुराहरु लेखिएको छ र यसलाई यस्सो हेर्दाखेरी हामीले यो विनियोजन विधेयक २०७७, आर्थिक विधेयक, २०७७ जेसुकै भने पनि यो बजेटको कि पार्टहरु महत्वपूर्ण हुन् । सायद त्यो मुटु र मस्तिष्कको भूमिका निर्वाह गर्छ जस्तो लाग्छ । त्यो र हाम्रो राजस्वको नीति के हो? त्यसका दायराहरुलाई कसरी फराकिलो बनाउन सक्छौं ? त्यसलाई कसरी नियमन र व्यवस्थित गर्न सक्छौ भन्ने कुरा यहाँ उल्लेख गर्न खोजेको छ।

त्यसको साथसाथै विशेषतः हाम्रो नेपाल सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँड एउटा बजेटको महत्वपूर्ण आधार हो । त्यतिमात्रले पुग्छ त रु पुग्दैन । हाम्रा कर सम्बन्धी, हाम्रा गैर करसम्बन्धी के हो त भन्ने कुरालाई अलि दायरा फराकिलो बनाउन खोजेको छ जस्तो लाग्छ । अब आन्तरिक ऋणका कुराहरु छन्,

बाह्य ऋणका कुराका कुराहरु छन्, यसलाई विशेषतः आत्मनिर्भर अर्थतन्त्रतिर अलि मुखरित गर्न खोजेको छ भन्ने कुरा यस सन्दर्भमा राख्न चाहन्छु । र, मैले यो बजेट सम्बन्धी धेरै विषयहरु भन्नु पर्दा पनि मुलतः यी विषयहरु केन्द्रित भएर आएको सन्दर्भमा मैले अघि पनि भने, नीति कार्यक्रमको मुल स्प्रिट र मर्म अनुसार आएको छ । यस अर्थमा म यो बजेट पूर्ण समर्थन गर्न चाहन्छु र संसदीय दलको तर्फबाट नै समर्थन रहेको म व्यक्त विचार व्यक्त गर्न चाहन्छु । र थोरै मात्रै मैले सुझाव राख्न चाहन्छु ।

यो सुझाव सायद धेरै चोटी व्यक्त हुने गरेका पनि छन् । धेरै दाता आउने कुरा पनि छ । आइराखेको पनि छ । मैले पहिलो कुरा त अलि त्यो राजस्व सम्बन्धी नै राख्न चाहन्छु । बुँदा नम्बर बजेटको बुँदा नम्बर १५९ देखि ७१ सम्म र यो राजस्व सम्बन्धी राजस्व केरे राजस्व नीति सम्बन्धी व्यवस्था गरिएको छ र आर्थिक विधेयक, २०७७ ले पनि १ देखि १३ बुँदासम्म र अनुसूची १ देखि ६ सम्म त्यहाँ व्यक्त भएको छ । यसलाई श्रोत व्यवस्थापन गर्ने कुरामा हाम्रो उपयुक्त कहाँ नेर हो ? यो कुरामा अझै छलफल चाहिन्छ जस्तो लाग्छ । विशेषता श्रोत परिचालन, कर निर्धारण ऐन निर्देशिका यो अलि अपुगता छ । हाम्रो गण्डकी प्रदेशको सन्दर्भमा के हो ? यसलाई अलि व्यवस्थित गर्न जरुरी छ । त्यतिमात्र हैन, कतिपय श्रोत साधनलाई व्यवस्थित गर्ने सन्दर्भमा गलत मनसाय अभिव्यक्ति हुने हाम्रा ऐन कानुनहरुमा शब्द उल्लेख गरिएको छ , यसलाई हटाउनुपर्छ । हामी त्यही नेर चुकेका छौं र महत्वपूर्ण पाटो भनेको अहिलेको सन्दर्भमा कर व्यवस्थापन गरिएको छ। त्यो त्यसमा विशेषता म सरकारलाई विशेष धन्यवाद पनि दिन चाहन्छु र त्यस्तै गरेर अर्को सुझाव भनेको हामी अब वार्षिक कार्यक्रमको अपेक्षामा छौं । वार्षिक कार्यक्रम सायद आउँदै छ । अब भुगोल स्थान विशेष सहर गाउँ अन्तरविरोध छन्, केही मनोविज्ञानहरु छन् । जनताको आवश्यकता, चाहनालाई हामीले कसरी व्यवस्थित गर्ने कुरा अलि चुनौतीपूर्ण छ । त्यसो भको हुनाले हामीले नीति कार्यक्रम व्यक्त भए अनुसार त्यो न्यायोचित वितरणलाई हामीले आत्मसात गर्न सक्छौ कि सक्दैनौं ? त्यो महत्वपूर्ण कुरा हो । हामीले त्यहाँ चुक्यौ भने सायद त्यो अलि फरक ढंगबाट बुझाइहरु हुने छन्, त्यसलाई  गम्भीरतापूर्वक लिनुपर्छ भन्ने लाग्छ । कतिपय हाम्रा चिन्नै पनि नसकिने । हामीलाई पनि नचिन्ने बजेट अबण्डा हुन्छन् । त्यसको व्यवस्थापन गर्न अब ध्यान दिन जरुरी छ ।

त्यस्तै गरेर महत्वपूर्ण पाटो भनेको यो संगठन र संरचनाको बिस्तार र सुदृढीकरण हो। हामीपट्टी क्वीसन छ, हाम्रो कार्यसम्पादन प्रणाली र कार्यसम्पादन क्षमतामाथि प्रश्न

छ । अब हामीले हल गर्न सक्छौ कि सक्दैनौं ? त्यो यद्यपि अहिले यो बजेटको बुँदा नम्बर १३९ मा आयोजना व्यवस्थापनमा उल्लेख गरिएको छ तर हामीले व्यवहारमा जाँदा खेरी हामीले कति सार्थकता दिलाउन सक्छौ भन्ने कुरा चुनौती छ । त्यो परम्परावादी मनोरोगबाट यदि हामी माथि उठ्न सकेनौ भने हामी परिकल्पना गरेको ठाउँमा पुग्न सक्दैनौं ।

हाम्रो लक्ष्य उद्देश्य प्राप्ति हुन सक्दैन । र अन्त्यमा सभामुख महोदय, हामी यो संवेदनशील अवस्थामा अब कोरोनाको विरुद्धमा छौं । सापेक्षिक हिसाबले हाम्रा उत्पादन र निर्माणको काम सँगसँगै कोरोनाको विरुद्ध हामी लडौ । हामी यो वर्षलाई विजय उत्सवको वर्ष मान्ने छौं । आगामी वर्ष हामीले नयाँ ढंगबाट संलेषण गरेर प्रदेशलाई अगाडि बढाउने छौ । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, हामी आज आर्थिक मामिला तथा अर्थमन्त्रीज्यूले ७७/७८ को बजेटको विषयमा छलफलमा छौं । सर्वप्रथम आफ्नो कमी कमजोरी र गल्तीलाई सुधार गर्ने साहस देखाउनुभएकोमा माननीय अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु र विषय प्रवेश गर्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, अहिलेको यो विषम परिस्थितिमा यो सरकारलाई अफठ्यारो महसुस हुँदाहुँदै पनि चुनौतीहरु हुँदाहुँदै पनि बजेट विनियोजन बजेटको प्रस्ताव गरिएको र बजेटमा सुरुमै मैले पत्रपत्रिकामा पनि पढें र देखें, कोरोना अहिलेको महामारीको विरुद्धमा लड्नको लागि झण्डै ३ करोड रकम विनियोजन गरेको छ भन्दा मलाई कताकता उत्तिखेरै फोन गरेर अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन मन लागेको थियो तर पढ्दै जाँदाखेरी त्यो रहेनछ । मैले कहानी हालेको अहिले हाल्न चाहन्नँ, त्यही कुरा फेरि दोहोरियो र पढ्दै जाँदा मैले देखें जम्मा ६० करोड ४० लाख रुपैयाँमात्रै कोरोनाविरुद्धको लडाइँमा लड्नको लागि खर्च गर्नुभएको रैछ र मैले उहाँलाई भन्न चाहन्छु । यो प्रदेशमा २५ लाख जनताहरु छन् । २५ लाख जनतालाई २ पर्सेन्टको दरले मात्रै पिसिआर गर्नको लागि ७५ करोड रुपैयाँ चाहिन्छ।

त्यहाँ अरु छोडिदिऔं । क्वारेन्टाइनको व्यवस्था, आइसोलेसनको व्यवस्था, डेडिकेटेड हस्पिटल अरु औषधीहरु किन्नको लागि त छोडिदिऔं । खाली घुमाउँरो पारामा गोलमोटोल योजनाहरु ल्याउनलाई अब छोडिदिऔं त्यसमा माननीयहरुलाई छुट्टाएको ७० करोड पनि जोड्ने । तालिम गर्नको लागि छुट्टाइएको पैसा पनि जोड्ने राम्रो कुरा ल्याउनु भएको छ । व्यापारीहरुलाई पुनउत्थान गर्नको लागि । उहाँहरुलाई चल्ने वातावरण बनाउनको लागि १ अरब पनि त्यसै कोभिडमा जोडिदिने। यही हो हामीले सूचनाको हक र गोलमोटोल गरेर सादा जनताहरुलाई कोभिडकै लागि ३ करोड छुट्टाएको छ भनेर एउटा ढाँटको खेती गरिएको छ । अब आइन्दा जसरी आफ्नो कमी कमजोडीहरुलाई सच्चाउन तयार हुनुभएको छ, त्यस्ता कमी कमजोरीहरु यो बजेटमा नराखियोस् भन्ने चाहना राख्दछु । हो हामीले नीति तथा कार्यक्रममा समाजवाद उन्मुख भनेर धेरै ठाउँमा घोक्यौं त मैले यसमा पढ्दै गर्दा देखि समाजवाद भनेको के ? दुई चार वटा बाटो पुल सिचाइ र खानेपानी कार्यक्रमलाई निरन्तरता दिंदैमा समाजवादमा पुगिन्छ ? कि नेपाली काँग्रेसको विश्वेश्वर प्रसाद कोइरालाले दुई तिहाइको सरकारको नेतृत्व गर्दै गर्दा उहाँले भनेको समाजवाद, साँचो समाजवादको अर्थमा नेपाली जनताले गास, बास र कपासको व्यवस्था हुनुपर्दछ। कुनै रुख बढ्यो भनेर त्यसलाई टुप्पाबाट काट्ने होइन, जुन रुखमा मल बिउ पुगेका छैनन्, जसलाई स्याहार पुगेको छैन, त्यसलाई पनि हुर्काएर त्यो बढेको रुखको दाँजोमा पुऱ्याउनु नै सच्चा समाजवाद हो भन्ने मलाई लाग्दछ ।

त्यसो भएको हुनाले यो बजेटमा जो किसान छन्, जो असहाय छन्, जो पीडित छन्, अल्पसंख्यक छन् जसले चाहिने यो राज्यको कुनै पनि सुविधा पाएका छैनन् र आफूलाई चलायमान बनाउन सकेका छैन्न्, उनीहरुको लागि बजेट ल्याएर, जसले कमाइ खाएका छन्, जसले व्यवसायी गरेका छन्, जसले चाहिने कर तिरेका छैनन्, तिनीहरुलाई कर लगाएर उनीहरुलाई छुटयाउने र जसले चल्न सकेका छैनन्, चल्न थियो भनेमात्र ती चलेका र अगाडि बढेकालाई भेटाउन सक्छ, त्यो स्थितिमा पुऱ्याउन सरकारले लागु गऱ्यो भनेमा त्र सच्चा समाजवाद हुन्छ तब सबै जनताहरु बराबर ठाउँमा पुऱ्याउन माथि गएकोलाई काट्ने र तल गएकोलाई उचाल्ने होइन हजुर सबैलाई सबै ठाउँमा स्वतन्त्र रुपमा मानवअधिकारको रक्षा गर्दै सरकारले दिने सुविधा बढाउँदै जानु नै सच्चा समाजवाद हो भन्ने मलाई लाग्दछ ।

झोलुंगे पुलको कुरा गर्दैछु म । झोलुंगे पुल राख्नु राम्रो हो । यो भन्दा अगाडि २१ सय १ सय २१ वटा झोलुङ्गे पुल थियो । तपाई सरकारकै बजेट वक्तव्यमा जम्मा चार ओटामात्रै सम्पन्न भएको छ । अब त्यो १ सय २१ मध्ये चार ओटा घटाउँदा १ सय १७ वटाको कुनै डिपिआर भएको छैन । मेरै क्षेत्र हेलुमा भएको झोलुंगे पुलको अहिलेसम्म सर्भे भएको छैन । र फेरि नयाँ योजना पनि लागु गरिएको छ । र त्यसको लागि जम्मा ४६ करोड ५४ लाखले के एक वर्षमा झोलुङ्गे पुलको तपाईले सम्पन्न गर्न सक्नुहुन्छ ? कि प्रतिपक्षले लगाएको आरोप मात्रै हो ? अनि प्रदेशको हरियाली ।

हो अघि अर्थमन्त्रीज्यूले स्वीकार्नु भएको छ । हामीले भनेका थियौ, मुख्यमन्त्री कृषि आयोजना अत्यन्त राम्रो छ । तर तपाईहरुले भन्नु भएको छ । ८५ वटा गाउँपालिकामा पुऱ्याउने । पैसा कति छ ? जम्मा ४ करोड २६ लाख । पाँच लाख रुपैयाँ एउटा गाउँपालिकालाई पुग्छ । अनि पोखरा नगरपालिकाको ३३ वाडलाई दिने हो भने जम्मा १५ हजार १ सय ५१ हजार रुपैयाँ पुग्छ । यही हो मुख्यमन्त्रीज्यू ?

कृषिमा चाहिने जनतालाई राहत दिएको ? उन्नत बनाएको ? कृषिलाई किसानहरुलाई घरघरमा खाना पुऱ्याएको ? र कृषिलाई अझै बढावा दिएको वा यही हो प्रदेश सरकारको यस्ता नीतिले कहिल्यै पनि किसानहरुलाई उत्थान गर्न सकिँदैन र किसानहरुलाई भुलाउन पाईंदैन । त्यसमा काँग्रेसको घोर आपत्ति छ ।

खानेपानीको कुरा । हो खानेपानीमा रकम बढेको छ । बढाउनुपर्छ । आधारभूत खानेपानीको पनि विकास भएको छ । मलाई राम्ररी याद छ, ६४ सालमा गोपालमान श्रेष्ठ भौतिक योजना मन्त्री हुँदा हामीले स्याङ्जामा धेरै खानेपानीहरु आयोजनाहरु सुरु गरेका थियौ । यो सरकारले पनि लागु गरेको छ मान्छु । हाम्रो स्याङ्जामा आजमात्रै मैले बुझें, चार वटा योजनाहरुमात्र सम्पन्न भएको छ । तर यहाँ सरकारले फेरि पनि झुठ बोल्यो । एक घर एक धारा कहाँ छ ? कुन गाउँमा छ ? कुन गाउँपालिकामा छ ? कुन कुन व्यक्तिले पाएका छन् ? एक दुई ठाउँमा मात्र पाएका छन्, मैले व्यक्तिको फोन दिनुपर्छ ? र वाडहरु त के कुरा व्यक्तिको नम्बर दिन पनि तयार छु, तर त्यो कुरा सबै ठाउँमा लागु भएको छैन । स्याङ्जामा भएको छैन । अरु जिल्लामा भएको छ भने मलाई थाहा छैन । यस्ता कुरामा हामीलाई यो सदनमा, गरिमामय सदनमा ढाँटको कुरा नगरौ । सत्य तथ्यमा जाऔं ।

मुखमा रामराम, बगलीमा छुरा । सरकारको ढाँट्नुको पनि हद हुन्छ । विदेशबाट बेरोजगार युवाहरु फर्किएर आएका छन्, अहिलेको कोभिडबाट बल्ल बल्ल बाँचेर । नेपाली भूमिमा मात्रै टेक्न पाए हुन्छ मात्रै भनेका छन् । यही कोभिडको कारणले धेरै साथीहरु बेरोजगार भएका छन् । तर ती बेरोजगारहरुलाई स्वरोजगार गराउन उहाँहरुलाई म जागिर दिन्छु, वहाँहरुको जीवन यापन चलाउँछ । तर पैसा छ, १८ करोड ४२ लाख ।

मानम् यो प्रदेशको जनसंख्याको २ पर्सेन्टलाई मात्र यो सरकारले हेर्ने हो भने ५० लाख हुन्छ । ५० लाखलाई भागा गर्दा खेरी जम्मा ३६ सय ८४ रुपैयाँले के ती बेरोजगारहरु स्वरोजगार हुन्छन् ? कि त्यही प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा जस्तै घाँस काट्न र खाल्डो खन्न पुऱ्याउने ? ३ दिनको पैसा दिएर ल जा बाबु चिया खाएर घरतिर पठाउन प्रदेश सरकारले सोचेको हो कि ? साँच्चै बेरोजगारहरुलाई स्वरोजगार बनाउने ? दुखी जनताहरुलाई सुखी बनाउने हो भने यसमा रकम चाहिने पर्याप्त रुपमा राख्नुपर्दछ र यसको ठोस कार्य योजना ल्याउनुपर्दछ । विदेशबाट आएका युवाहरु कुनै चाहिने तालिम प्राप्त होलान् । उनीहरु शिक्षितमात्रै नभएर उनीहरु कुनै काममा दक्ष होलान्, दक्ष कामदारलाई कसरी सदुपयोग गर्ने ? अदक्ष लेबरहरुलाई कुन काममा दिने ? कुन ठेकीमा दिने ? कुन योजनामा पठाउने ? त्यस्ता योजनाहरु कुनै छैन । खाली चाहिने त्यो १८ करोड बाह्र ४२ लाख आफ्नो नजिकको कुनै कार्यकर्तालाई घाँस काट्न जा भनेर पठाउनको लागि दिएको जस्तो लाग्छ । यसमा सुध्रिन जरुरी छ । यही भन्न चाहन्छु ।

सभामुख महोदय, गण्डकी विश्वविद्यालयमा रकम राख्नु अत्यन्त राम्रो कुरा हो । हाम्रो गण्डकी विश्वविद्यालयमा गण्डकी प्रदेशमा लागु हुनुपर्छ भन्ने मेरो पनि मान्यता छ तर सभामुख महादय, कुनै काम लाग्ने ठाउँमा पैसा नराख्ने अनि पदाधिकारीलाई खानको लागि त्यहाँ न जग्गा छ ? न कुनै कलेज सम्बन्धन पाएका छन् ? अहिलेसम्मन् कुनै फ्याकल्टि बनाएका छैनन् । त्यस्तोमा राख्नु हुँदैन भन्छु ।

सभामुख महोदय, कृषिलाई महत्व दिने भन्ने मल बिउ छैन । कहाँ मलको उत्पादन गर्ने हो त्यो खेती कहाँ खोज्ने हो ? सरकारको नीति छैन । अनि सरकारलाई चाहिने सरकारले चाहिने किसानहरुलाई राहत दिएँ, यति दिए भन्ने कृषिमा टुटेको सेललाई जोड्नको लागि कुनै योजना छैन । खाद्य बैंकहरु बनाउनु छैन । यस्सै धारा ११४ मा सभामुख महोदय, मुख्य प्रशासनिक केन्द्रहरु बनाएँ भनेर अर्को साल पहिलाको साथ

१ करोड ७० लाख रुपैयाँ छुट्टाएको थियो, त्यो १ करोड ७० लाखले बनिसके जस्तो लाग्छ मलाई। तर मेरो आँखाले देख्दैन । किनभने मलाई रतन्धो लागेको छ । त्यही कारणले त अहिले प्रदेश सरकारले पैसा छुट्टाएको छैन । सम्पन्न भइसक्यो, बिजुली पानी यस्ता उस्ता यति थोरै रकम १६ करोड १५ लाख छुट्टाएको छ । र, ४९ धारामा खेलकुददेखि लिएर रंगशाला विभिन्न कुराहरु, पपुलर योजनाहरु छन्, सभामुख महोदय, १ मिनेट भ्याइँहाले । त्यसमा चाहिने पनि बजेट छुट्टाइएको छैन सभामुख महोदय ।

अन्त्यमा, यो सरकारलाई प्रतिपक्षले धेरै सहयोग गरेको छ । जहाँ कुन बजेट चाहिन्छ, त्यसमा छुट्टाऔं ।**(माननीय सभामुखः माननीय सदस्य समय सकियो)** रियल बजेटमा जाऔ र सबै पक्षलाई समेटेर लैजाऔं । त्यो समेट्दा लैजाँदाखेरी यो सरकारै सफल हुने हो । प्रतिपक्ष सफल हुने हैन । यति भन्दै सरकारले फेरि यसमा गम्भीर रुपमा ध्यान जाओस् भन्ने कामना गर्दै बिदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७७ असार ४ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।